स.क.प.आबद्धता नं. ०८५/०४१/४२ जि.प्र.का.द.नं. ०१/०३९/४०

"आत्मा साक्षी राखी मन, बचन र कर्मले सेवा गरौं ।"

# मल्लरानी ग्रामीण विकास सरोकार केन्द्र

## MALLARANI RURAL DEVELOPMENT CONCERN CENTER - MRDCC

स्थापना २०३६

प.सं. २०७९/०८० च.नं. २६०

मिति : २०७९/०९/१७

### कर्मचारी आबश्यकता सम्बन्धी सूचना

ऐरावती गाउँपालिका प्यूठान तथा हेफर प्रोजेक्ट नेपालको आर्थिक एवं प्राविधिक सहयोगमा यस संस्थाद्वारा ऐरावती गाँउपालिकामा सञ्चालन हुने **"कृषि तथा पशु विकासमा आधारित साना किसान तथा यूवा उद्यमशिलता विकास कार्यक्रम"** का लागि देहाय वमोजिम कर्मचारीहरु तुरुन्त पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक उम्मेदवारहरुवाट रीतपूर्वक दरखास्त आह्वान गरिएकोछ ।

**बिज्ञापन नं. ०८/०७९/८०**

पद : **परियोजना संयोजक (Project Coordinator)** आवश्यक संख्या : **१ जना** ।

न्युनतम योग्यता तथा आवश्यक ज्ञान शीप र अनुभव :

- कृषि/भेटेनरी, समाज शास्त्र वा ग्रामीण विकास विषयमा स्नातक वा सो सरह उतिर्ण गरी सामुदायिक विकास वा बाखा, दुध, र तरकारीको मुल्य श्रृंखलामा न्यूनतम ५ वर्ष काम गरेको अनुभव भएको ।
- योजना तर्जुमा, बजेट व्यवस्थापन, परियोजना कार्यान्वयन, अनुगमन, मुल्याकंन तथा प्रतिवेदन लेखन सम्वन्धि ज्ञान, सीप र अनुभव भएको ।
- साना किसान सवलीकरण तथा उद्यमशिल साझेदारी कार्यक्रम सम्वन्धि ज्ञान, सीप र अनुभव भएको ।
- कर्मचारी व्यवस्थापन तथा परिचालन, तालिम व्यवस्थापन र सहजिकरण सम्वन्धी ज्ञान, सीप र अनुभव भएको ।
- कृषि तथा पशु वस्तुमा आधारीत व्यवसाय तथा उद्यमशीलतामा महिला तथा यूवाहरुको सहभागिता, सामाजिक परिचालन, कृषि तथा पशुजन्यवस्तुहरुको वजारीकरणमा विशेष दक्षता भएको ।
- स्थानीय सरकार तथा अन्य सरोकारवालाहरुसंग समन्वय र सहकार्य गरी कार्य गर्न सक्ने ।
- कम्प्युटर (MS word, excel, power point, internet) सम्वन्धी दक्षता भएको ।
- मोटरसाईकल चलाउन सक्ने र अनुमती पत्र प्राप्त भएको ।
- कार्यक्रम संयोजक कम्तीमा ८० प्रतिशत समय अवधि परियोजना क्षेत्रमा वस्नुपर्नेछ ।

**बिज्ञापन नं. ०९/०७९/८०**

पद : **प्राविधिक संयोजक (Technical Coordinator)** आवश्यक संख्या : **१ जना** ।

न्युनतम योग्यता तथा आवश्यक ज्ञान शीप र अनुभव :

- भेटेनरी विषयमा प्रविणता प्रमाण पत्र तह उत्तिर्ण गरी सम्वन्धित क्षेत्रमा कम्तीमा २ वर्ष वा भेटेनरी जे.टि.ए. उतिर्ण गरी सम्वन्धित क्षेत्रमा कम्तीमा ५ वर्षको कार्य अनुभव भएको ।
- कृषि तथा पशुको उत्पादन र उत्पादकत्व वृद्धिमा प्राविधिक तथा सिर्जनात्मक दक्षता भएको ।
- स्थानीय सरकार तथा अन्य सरोकारवालाहरुसंग समन्वय र सहकार्य गरी कार्य गर्न सक्ने ।
- कृषि तथा पशुवस्तुको वजारीकरण सम्वन्धि ज्ञान, सिप र अनुभव भएको ।
- समुदाय स्तरमा कार्यक्रम कार्यान्वयन, अनुगमन, प्राविधिक तालिमको आयोजना, संञ्चालन तथा प्रतिवेदन लेखन सम्वन्धि अनुभव भएको ।

केन्द्रीय कार्यालय : मल्लरानी गाउँपालिका वडा नं. ४ खलङ्गा प्यूठान, लुम्बीनी प्रदेश नेपाल
सम्पर्क फोन नं. ०८६-४२००१९, ४२०२९६, ४२०३१८



CamScanner

प.सं. २०७९/०८० च.नं. २६०

- कम्प्युटर (MS word, excel, power point, internet) सम्वन्धी दक्षता भएको ।
- मोटरसाइकल चलाउन सक्ने र अनुमती पत्र प्राप्त भएको ।
- प्राविधिक संयोजक परियोजना क्षेत्रमा (field based) बस्नुपर्नेछ ।

**बिज्ञापन नं. १०/०७९/८०**

**पद : लेखा अधिकृत (Account Officer)** आवश्यक संख्या : **१ जना ।**

न्युनतम योग्यता तथा आवश्यक ज्ञान शीप र अनुभव :

- व्यवस्थापन संकायमा स्नातक वा सो सरह उत्तिर्ण गरी सम्वन्धीत विषयमा कम्तीमा ३ वर्ष कार्यानुभव भएको ।
- लेखाका आधारभुत सिद्धान्तको विषयमा दक्षता भएको ।
- कम्प्युटर सम्वन्धी दक्षता भएको र लेखा सफटवेयर सम्वन्धी ज्ञान तथा सञ्चालन अनुभव भएको ।
- आर्थिक प्रतिवेदन तयारी, तथ्याङ्क विश्लेषण एवं वजेट निर्माण सम्वन्धी ज्ञान भएको ।
- सरकारी लेखा प्रणाली, वजेट निकासा तथा फर्छ्यौट र सार्वजनिक खरिद प्रक्रिया सम्वन्धि ज्ञान भएको ।
- स्थानीय सरकार तथा अन्य सरोकारवालाहरुसंग समन्वय र सहकार्य गरी कार्य गर्न सक्ने ।
- आवश्यकता अनुसार परियोजना कार्यक्षेत्र भ्रमण गर्नुपर्नेछ ।

**बिज्ञापन नं. ११/०७९/८०**

**पद : सामुदायीक सहजकर्ता (Community Facilitator)** आवश्यक संख्या : **६ जना ।**

न्युनतम योग्यता तथा आवश्यक ज्ञान शीप र अनुभव :

- मान्यताप्राप्त शिक्षण संस्थावाट १०+२ वा सो सरह उत्तिर्ण गरी सामुदायिक विकास वा वाखा, दुध, र तरकारीको मुल्य श्रृंखलामा कम्तीमा ३ वर्ष कार्यानुभव भएको ।
- समूह गठन तथा परिचालन सम्वन्धि अनुभव भएको ।
- तालिम सहजीकरण, व्यवस्थापन तथा प्रतिवेदन लेखन सम्वन्धि ज्ञान, सीप तथा अनुभव भएको ।
- महिला तथा युवा सशक्तिकरण, समुह व्यवस्थापन र सामाजिक परिचालन सम्वन्धी दक्षता भएको ।
- कृषि तथा पशु उद्यमशिलता विकासको माध्यमबाट आयआर्जन गर्न समुदायलाई उत्प्रेरीत गर्न सक्ने विषेश ज्ञान भएको ।
- कम्प्युटर सम्वन्धि ज्ञान भएको ।
- ऐरावती गाउँपालिका क्षेत्रमा स्थायी वसोवास भएको हुनुपर्नेछ ।

**दरखास्त दिने विधि :**

आवेदकले तोकिएबमोजिम कागजात सहित संस्थाको कार्यालय मल्लरानी गा.पा.-४ खलंगा बजार प्यूठानमा प्रत्यक्ष वा ईमेल ठेगाना mrdcc.vacancy@gmail.com मार्फत दरखास्त दिन सकिनेछ । संस्थाले पूर्ण वा आंशिक कुनै पनि आवेदन विनाशर्त स्वीकृत गर्ने वा नगर्ने अधिकार आफूमा निहित गर्दछ ।



पेज -२

CamScanner

"आत्मा साक्षी राखी मन, वचन र कर्मले सेवा गरौं ।"

# मल्लरानी ग्रामीण विकास सरोकार केन्द्र

**MALLARANI RURAL DEVELOPMENT CONCERN CENTER - MRDCC**

**स्थापना २०३६**

प.स. २०७९/०८० च.नं. २६०

संक्षिप्त सूचीमा परेका उम्मेदवारहरुलाई मात्र छनौट प्रक्रियामा समावेश गरिनेछ । समाजमा पछाडि पारिएका महिला, दलित, जनजाति एवं सिमान्तकृत वर्गलाई दरखास्त पेश गर्नका लागि विशेष प्रोत्साहित गरिन्छ । यस संस्था यौन उत्पीडन, शोषण र दूर्व्यवहार तथा बाल दूर्व्यवहार रोक्नका लागि संस्थाको संरक्षण नीति तथा अन्य सम्बन्धित नीतिहरु प्रति प्रतिवद्ध रहेको छ । यदि आवेदन दिने व्यक्तिको यस संस्थामा कुनै नाता लाग्ने व्यक्ति वा कुनै स्वार्थको द्वन्द (Conflict of Interest) रहेको छ भने आवेदनको साथमा उल्लेख तथा स्व–घोषणा गर्नुहुन जानकारी गराइन्छ ।

**दरखास्त साथ पेस गर्नुपर्ने कागजातहरु :**

(१) सन्दर्भ व्यक्तिहरुको (References) नाम, सम्पर्क नम्वर तथा ईमेल ठेगाना सहित उल्लेख गरीएको आवेदकको व्यक्तिगत विवरण (CV)

(२) नागरीकता, शैक्षिक योग्यता, अनुभव, तालिमका प्रमाणपत्रहरुको प्रतिलिपि ।

(३) हालसालै खिंचेको पासपोर्ट साइजको फोटो ३ प्रति ।

**अन्य जानकारीहरु :**

(क) दरखास्त बुझाउने अन्तिम मिति : २०७९/०९/२४ गते (January 08, 2023) कार्यालय समय साँझ ४:00 वजे सम्म । यदि सो दिन सार्वजनिक विदा परेमा सो को भोलि पल्ट ।

(ख) सम्पर्क मिति : दरखास्त बुझाउने अन्तिम मितिको भोलीपल्ट कार्यालय समयमा ।

(ग) परीक्षा हुने मिति : सम्पर्क मितिमा तोकिनेछ ।

(घ) परीक्षाको किसिम : संक्षिप्त सूची प्रकाशन, लिखित तथा मौखिक परीक्षा एवं प्रयोगात्मक परीक्षा मध्ये पदपूर्ति समितिको निर्णयवमोजिम सबै वा केहि ।

(ङ) तलव तथा अन्य सुविधा संस्था तथा परियोजनाको नियम अनुसार हुनेछ ।

(च) म्याद नाघी आएका वा रीत नपुगेका दरखास्तहरुलाई छनौट प्रकृयामा संलग्न गराइने छैन ।

विज्ञापन सम्बन्धी विस्तृत जानकारीका लागि संस्थाको फोन नं. ०८६-४२०३१८ वा माथि उल्लेखित ईमेल ठेगानामा सम्पर्क गर्न सकिनेछ ।

संयोजक
पदपूर्ति समिति



CamScanner